

# रोजिता

## आमा भेट्ने तृष्णाले सगरमाथाको चुचुरोमा



● धर्मिन्द्रा शाह

## शहर भित्रको संघर्ष

काठमाण्डौको मुटु अर्थात सधैं भीडभाड हुने ठाँउ हो असन। त्यहीं नजिकै बाङ्गेमुढा भनेर चिनिने ठाउँ छ। २६ वर्ष पहिले अर्थात् वि.स २०४७ कार्त्तिक २२ मा संघर्ष र सफलताको प्रतिमूर्ति रोजिता बुद्धाचार्य त्यही ठाँउमा आमा सीता बुद्धाचार्य र बुबा सानुभाई बद्धाचार्यको पाँचौं सन्तानको रूपमा जन्मिनु भयो । उहाँका चार दिदीहरू र एक भाई हुनुहुन्छ। रोजिता शहरमा जन्मेतापनि गाउँमा जन्मिएको छोरीको भन्दा संघर्ष कम छैन उहाँको जीवनमा। उहाँको भोगाईले देखाएको छ कि छोरीको लागि शहर होस् वा गाउँ भोग्नु पर्ने विभेद उस्तै नै छन्। उहाँ भन्नुहुन्छ - 'ठाउँ र भाषा अनुसार बोलिने शब्द फरक छन् तर छोरीलाई गरिने विभेदका स्वरूप भने उस्तै नै छन्। शहरभित्रका छोरीहरूको जीवन संघर्ष कम छैन।'

आमा भनेर स्पष्ट उच्चारण गर्न नपाउँदै रोजिताको आमाको मृत्यु भयो। त्यो बेला भाई भर्खरै जन्मिएका थिए भने रोजिता साढे दुई वर्षको मात्र हुनुहुन्थ्यो। बाल्यकालमा नै आमा गुमाएका भाई राहुल र रोजितालाई समाज र परिवारका केहीले आमा टोकेको आरोप समेत लगाए। त्यसपछि त आफन्तले माया होईन अलछिना भनेर हेप्न थाले। हेपाया व्यवहार भन्दा अलक्षिना जस्ता शब्दले मन घाइते र छिया छिया भएको उहाँ बताउनु हुन्छ।

## घरभित्रको पीडादायी विभेद

सबै जना दिदीभाईलाई पढाउन परिवारको आर्थिक अवस्थाले पुग्थेन। जुन एकदमै पिडादायक थियो। सामान्य परिवारमा जन्मिएकोले छ जना छोराछोरी पढाउन सक्ने बुवाको कुनै आयश्रोत थिएन। अर्को तर्फ हजुरआमाले छोरीलाई पढाउन हुँदैन, पढेका छोरी बाहिर हिड्छन्, कुलको ईज्जत जान्छ भन्नुहुन्थ्यो। बुवापनि हजुरआमाकै कुरामा सहमत हुनुहुन्थ्यो । समाजमा छोरा र छोरीलाई गरिने विभेदको तितो अनुभव छ उहाँसँग। भन्नुहन्छ -"एक दिन स्कुलबाट घर फर्किदा घरको अगाडी भाईहरू साईकल चलाउदै थिए। उनिहरूसँगै मैले पनि साइकल चलाएँ। हजरुआमाले कौसीबाट मेरो शरीर पुरै भिज्ने गरी पानी छ्यापी दिनुभयो। 'छोराहरूसँग साईकल चलाउने, कुलको इज्जत फाल्ने भई यसले' भनी गाली गर्नुभएको थियो। यो सुनेर रोजिताको मन साह्रै दुखेको

थियो । छोरा र छोरीमा यसरी परिवार भित्र नै गरिने विभेदपूर्ण व्यवहारका कारण बुवा र दिदीहरू बीच झगडा नै परयो । जसको कारण बुवा र दिदीहरू बिचमा वर्षौसम्म बोलचाल बन्द भयो । त्यस पछि दिदीहरू संगिता र सुनिताको पढ्ने रहर अधुरै रहयो ।

## आमा हेर्न चन्द्रमा छुने रहर

आमाको साथ र काखको न्यानो नपाएकी रोजिताले घर परिवारका अरु सदस्यको साथ नपाए पनि दिदीहरू भएकोले उहाँलाई मायाको कमी भने भएन । दिदीहरूले आमा जसरी नै हेरचाह र माया गर्नु भयो ।

तर पनि आमा भन्न नपाउनु, आमा चिन्न नपाउनुको पीडाले उहाँलाई पिरोलि रहन्छ । जीवनको सबै भन्दा ठूलो पीडा यही नै बनेको छ उहाँका लागि । उहाँलाई आमाको अनुहार सम्झना समेत छैन । भन्नुहुन्छ 'हाम्रो घरमा आमाको एउटा फोटो थियो  तर त्यसमा आमाको अनुहार भाइको हातले छेकिएको थियो । त्यसैले आमा कस्ती हुनुहुन्थ्यो होला भन्ने मनमा सधैं कौतुहलता रही रहयो ।'

रोजिताले बाल्यकालको धेरैजसो समय हजुरबासँगै बिताउनु भयो । हजुरबा भक्तपुरको ईटा छें मा बस्नु हुन्थ्यो । उहाँले हजुरबालाई बारम्बार सोध्ने गर्नुहुन्थ्यो 'आमा कस्तो हुनुहुन्थो ?' तर हजुरबाबाट उत्तर पाउनु भएको थिएन । एक दिन हजुरबाले खाना खादै गर्दा फेरी  सोध्नु भएछ-'हजुरबा, आमा कस्तो हुनुहुन्थो ?'  त्यसदिन पुर्णिमाको दिनथियो रे । बारम्बार सोध्दा दिक्क मानेर पनि होला त्यसदिन केही नबोली हजुरबाले उहाँलाई घरको बार्दलिमा लिएर जानु भएछ । चम्किरहेको चन्द्रमालाई देखाँउदै भन्नु भएछ -'तिम्रो 'मा' त्यतै छिन । आमा  हेर्ने भए त्यता जानु पर्छ ।' त्यो उत्तर पाएको दिन देखि उहाँको मनमा एउटै रहर पलायो, आमा हेर्न चन्द्रमा छुने रहर ।

## बहिनीको शिक्षामा दिदीहरूको त्याग

रोजिताका रहरहरू पूरा गर्न आमा सरहका दिदीहरूले आफ्ना कतिपय रहर बिसाउनु भएको छ ।  रोजिताको घरको आर्थिक अवस्था कमजोर थियो । बहिनीको पढाई खर्च जुटाउनको लागि पढाई छोडेर दिदीहरूले गार्मेन्टमा

काम गर्नु भयो ।। दिदीहरू नभएको भए म पढ्न पाउँदिन थिए भन्नु हुन्छ, उहाँ । रोजिताले पनि दिदीहरूलाई साथ दिनु भयो । पोते बुनेर एक एक रूपया जम्मा गर्नु हुन्थ्यो । छ कक्षा पढ्दा दुई तीन कक्षा पढ्ने विद्यार्थीहरूलाई ट्यूशन पढाउनु भयो । महिनाको तीस रूपया कमाएर दिदीहरूलाई सघाउनु भयो । एसएलसी पछि पाएको खाली समयमा ट्यूशन पढाएर दिदीहरूलाई घर चलाउन सहयोग गर्नुहुन्थ्यो । रोजिताले पनि दिदीहरूको त्याग र मेहनत खेर जान दिनुभएन । पढाईमा उहाँ अव्बल बन्दै जानुभयो । पढाईमा मात्र होइन वक्तृत्वकला, निबन्ध लेखन, वादविवाद प्रतियोगिता, हाजिरी जवाफ आदिमा समेत सक्रियतापूर्वक भाग लिने गर्नुहुन्थ्यो र सफलता पनि पाउनु हुन्थ्यो । हिजोका दिनमा दिदीहरू रोजिताका सहारा थिए भने आज दिदीहरू उहाँको भरोसा मान्नुहुन्छ ।

बाङ्गेमुढाको एक सामान्य परिवारमा जन्मिनु भएकी रोजिताले प्रभात माध्यमिक विद्यालय, नघल: बाट नर्सरी देखि कक्षा दश सम्मको पढाई पुरा गर्नुभएको छ । हिलबर्ट इन्टनेश्नेल कलेजबाट एघार र बाह्र उतीर्ण गर्नुभएको हो । उहाँले अमृत क्याम्पसबाट विज्ञान विषयमा स्नातक प्रथम श्रेणी र भौतिकशास्त्रमा प्रथम श्रेणीमा स्नातकोत्तर गर्नु भएको छ । पढाईमा अब्बल भएका कारण कक्षा एकदेखि स्नातकोत्तरसम्म उहाँले छात्रबृत्ति पाउनुभएको थियो ।

रोजिताको अध्ययनको बिषय खगोल भौतिकशास्त्र हो र यसै अन्तर्गत आकाशगंगाभित्रका ताराहरूको अध्ययन गर्ने उहाँको रुचिको विषय हो । स्नातकोत्तर गर्दा उहाँले शोधपत्र ओरायन तारामण्डलमा पर्ने विटलज्यूज ताराको अध्ययनमा गर्नुभएको थियो । उहाँ यसको श्रेय प्राध्यापक डा.उदयराज खनाल, सहप्राध्यापक प्रेम ढुंगेल र वेधशाला व्यवस्थापक सरोजराज शाहीलाई दिनुहुन्छ । भन्नुहुन्छ-'उहाँहरूकै निगरानीमा विटलज्यूज तारालाई नगरकोटको वेधशालाबाट टेलिस्कोपमार्फत् फोटो खिचेर टेलिस्कोपसम्म आउने प्रकाशको तथ्यांक एक वर्ष लगाएर संकलन गरेको थिएँ ।'

उहाँलाई अध्ययन संगसंगै काम पनि गर्नु पर्ने बाध्यता थियो । उहाँले वि.स. २०७० देखि २०७५ पुस सम्म बीपी कोइराला मेमोरियल प्लानेटेरियम अब्जर्भेटरी र विज्ञान संग्रहालयमा काम गर्नु भयो । यसै क्रममा उहाँले

नेपाल टेलिभिजनमा छ वर्षसम्म विज्ञान पत्रकारको रूपमा 'आजको विज्ञान' कार्यक्रमको उत्पादन र संचालन समेत गर्नु भयो ।

## आमाकालागि खगोलशास्त्रको पढाई

उहाँका सामु आमा देख्न आकाशको चन्द्रमा छुने सपना पूरा गर्नु जति कठिनतम् थियो, उहाँका अगाडी त्यो भन्दा अग्लो पर्खाल गरिबी र छोरी भएर जन्मिनुको थियो । फेरिपनि दिदीहरूको त्याग र मायाले उहाँलाई कहिल्यै कमजोर महसुश हुन भने दिएन । पछि बढ्दै जाँदा उहाँलाई थाहा भयो कि चन्द्रमामा पुग्नका लागि विज्ञान पढ्नुपर्ने रहेछ । त्यसका लागि खगोलशास्त्रको अध्ययन र अन्तरिक्षयात्री बन्नु पर्ने रहेछ । कलेज पढ्न जाने भएपछि सबैले उहाँलाई चिकित्सा शिक्षा वा इन्जिनियरिङ पढ्न सुझाव दिएका थिए । उहाँले कसैको कुरा मान्नु भएन । त्यसपछि उहाँले अमृत साइन्स क्याम्पसमा भर्ना लिनु भयो र विज्ञान विषय नै रोज्नु भयो। उहाँ भन्नुहुन्छ -'आमाको अनुहार मैले प्रस्ट नदेखेकाले नै मेरो मनमा खगोलशास्त्र पढ्ने र अन्तरिक्षको यात्रा गर्ने सोच आएको हो।' तर उहाँले कसैलाई पनि मन को यो कुरा बताउनु भएको थिएन । जब उहाँ सगरमाथा चढ्नु भयो बल्ल यसको रहस्य खोल्नु भयो ।

## नासासम्मको यात्रा

सन् २०१६ मा केन्द्रीय भौतिकशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालयमा काठमाडौं एस्ट्रोफिजिक्स स्कूल कार्यक्रम भएको थियो । त्यहाँ युनिभर्सिटी अफ मेलबर्नका सह प्राध्यापक मिकेला ट्रेन्टी र क्लेयर केनयन, युरोपियन स्पेश एजेन्सीका वैज्ञानिक नोरा लुत्जन्डर्फ र निकोलस कोपर्निकस एस्ट्रोनोमिकल सेन्टर, पोल्याण्डका प्राध्यापक आन्द्रे जियार्स्की आउनुभएको थियो। उक्त स्कूलमा उहाँले यस ब्रह्माण्डमा पृथ्वी जस्ता ग्रहहरू कति वटा हुन सक्छन् भनेर अध्ययन गर्ने मौका पाउनुभयो। भन्नुहुन्छ -'मैले त्यही कार्यक्रममा पहिलो पटक टेलिस्कोपबाट चन्द्रमा, शनि र बृहस्पतिलाई नियाल्ने मौका पाएँ। अध्ययनको विषय झन् फराकिलो भयो।' रोजिताको पढाईप्रतिको लगावले धेरै विद्यार्थी मध्ये ती वैज्ञानिकहरूले उहाँलाई  नोटिस गर्नुभयो । आफ्नो कमजोर आर्थिक अवस्थाले यसअघि उच्च शिक्षाका लागि विदेश जाने परिकल्पना समेत नगर्नुभएको उहाँले ती  गुरुहरूबाट अभिप्रेरित भई समर इन्टर्नसिपका

लागि आवेदन फारम भर्नुभयो । विशवभरिका पाँच सय आवेदन मध्य चौदह जना छनौट भए र त्यसमा एक रोजिता हुनुहुन्थ्यो । अमेरिकाको एउटा राज्य मेरिल्याण्डमा स्पेस टेलिस्कोप साइन्स इन्चिच्युटमा दश हफ्तासम्म अध्ययन गर्ने अवसर पाउनु भयो। थुप्रै वैज्ञानिकहरू त्यहाँ कार्यरत छन्। त्यहाँ प्राध्यापकले विद्यार्थी छान्दा रहेछन्। चौदह जना प्राध्यापक मध्य तेह्र जनाले रोजितालाई छानेका रहेछन । एक जनालाई एक जनाले पढाउने नियम अनुसार डा.नोरा लुत्जन्डर्फले उहाँलाई अध्यापन गराउनु भएको थियो । भनिन्छ आइसी १४८१ भन्ने ग्यालेक्सीको केन्द्रमा ब्ल्याक होल छ। उहाँले त्यसको अध्ययन गर्नुभयो । गोडार्ड स्पेस फ्लाइट सेन्टर, नासामा भ्रमण गरी जेम्स वेव्स स्पेस टेलिस्कोप बनेको ठाउँ, वैज्ञानिकहरू र त्यसका मिररहरूको अवलोकन गर्ने अवसर पाउनु भयो ।

स्पेश टेलिस्कोप साइन्स इन्स्टिच्यूटका प्रारम्भिक दिनहरू रोजिताका लागि सहज थिएनन् । उनलाई वनको बाघले भन्दा पनि मनको बाघले आक्रान्त पारेको थियो । 'म एउटा सामान्य सरकारी स्कूल पढेको, मेरो अंग्रेजी त्यति राम्रो छैन, मेरा अन्य साथीहरू म भन्दा जान्नेबुझ्ने छन्, मलाई केही पनि आउँदैन' यस्तै यस्तै । तर उनको सुपरभाइजर डा. नोरा लुत्जन्डर्फ, विभिन्न देशका अन्य साथीहरू तथा इन्स्टिच्यूटको वातावरणले उहाँको मन बाघ पछि हट्दै गयो । पछि जब रोजिताले स्कूलको अन्त्यतिर आफ्नो अनुसन्धानको अन्तिम प्रस्तुती दिदा, दर्शकदीर्घाका सबैले उठेर ताली बजाएका थिए । उहाँको काम, अंग्रेजी भाषा तथा बोल्ने शैलीको खुलेर प्रशंसा गरेका थिए । त्यहाँ उहाँले नेपालको गौरव बढाउनु भएको थियो ।

नेपालको विज्ञान प्रविधिको अवस्था सम्झिएर मन खिन्न पार्ने उहाँको आफ्नै योजना छ, 'अयास्ट्रोफिजिक्समा पीएचडी गर्ने। सर्वोच्च शिखर सगरमाथा चढेर आत्मबल बलियो भएको बताउने रोजिताको, अवसर पाए वैज्ञानिक बनेर अन्तरिक्ष यात्री बन्ने धोको छ। खगोलशास्त्रको गहिरो अनुसन्धान अनुसन्धान गर्न चाहनुहुन्छ । अझै अर्को शब्दमा भन्नुपर्दा उहाँ तारामण्डल सम्मको यात्रा गर्न चाहनुहुन्छ । आमाको अनुहार हेर्ने तृष्णा मेटाउन । उहाँको यो सपना पूरा हुन्छ वा हुँदैन भविष्यले बताउने छ ।

## नजीकबाट चन्द्रमा हेर्न सगरमाथामा

पहाड, अग्ला हिमाल हुँदै आमालाई भेट्न सिधै चन्द्रमामा हाम फाल्ने सपना त देख्नु हुन्थ्यो । तर सगरमाथा चढने बारे सोच्नु भएको थिएन । नाटक खेलिरहनु भएकै बेला मण्डला थिएटरका प्रमुख राजन खतिवडाको सुझावमा रोसा बस्नेत उहाँलाई खोज्दै आउनु भएछ र सगरमाथा चढने प्रस्ताव राख्नु भएछ । त्यसछि 'समताकालागि बुलन्द आवाज' भन्ने नाराकासाथ 'प्रथम महिला पत्रकार सगरमाथा आरोहण २०१८' नाम दिइएको अभियान टोली तयार भयो । टोलीको नेतृत्व रोजिताले गर्नुभएको थियो । टोलीका अरु सदस्यहरूमा देउराली चामलिङ, रोसा बस्नेत, कल्पना महर्जन र प्रियालक्ष्मी कार्की हुनुहुन्थ्यो । सधैं आमाको सपना देख्ने रोजिता वि.स. २०७५ जेष्ठ ९ गते सगरमाथाको चुचुरो चुम्न सफल हुनुभयो । सगरमाथामा आफू चढन सफल भएको भन्दा पनि सगरमाथाले आफूलाई स्वीकार गरेको भन्नु हुन्छ, उहाँ । सगरमाथाको चुचुरोमा पुगेर आकाशतिर हेर्दा आफनी आमाको अनुहार देखिने गन्तव्य नजीकै पुगेको जस्तो लागेको उहाँ बताउनु हुन्छ ।

सगरमाथाको सफल यात्राको पूर्ण श्रेय उहाँ आफनो पर्वतारोहण दलका हरेक सदस्य, आर्थिक प्रायोजक, बाटोमा भारी बोक्ने याक, कोक्रोको बच्चा जस्तै हेरविचार गरेर शिखरमा डोऱ्याउने शेर्पा दाजुभाई र आफूसहितका पाँच आरोहीलाई दिनुहुन्छ । सबैभन्दा बढी धन्यवाद अभियानका सरदार रेकर्ड होल्डर आरोही फुर्वा तेन्जिङ्ग शेर्पालाई दिनुहुन्छ, जो घामपानी, हावाहुरी, तातोचिसो केही नभनी सुरुदेखि नै यस साझा सपनालाई साकार पार्न रातदिन रोशा, कल्पना, प्रिया, देउराली र रोजिता जत्तिकै खट्नुभयो ।

उहाँलाई सगरमाथा आरोहणमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, नर्भिक हस्पिटल, काठमाडौं महानगरपालिका, आर्कटस, ड्रिमर्श डेस्टिनेशन ट्रेक्स एण्ड एक्सपिडिशन प्रा.लि., युरोपियन युनियन, संयुक्त राष्ट्रसंघ र उहाँको खगोलशास्त्रको पहिलो अनुसन्धानबाट प्रभावित भएका मेलबोर्नका खगोलविद् मिकेला ट्रेन्टी, डा. क्लेयर केनयन, जर्मन डा. नोरा लुत्जेन्डर्फ र पोल्यान्डका प्रा. आन्द्रे जियार्स्कीले सहयोग गर्नुभएको थियो ।

## रंगकर्मी बन्न गरेको संघर्ष

साँझ समयमै नफर्किंदा घरको इज्जत गएको सम्झिने समाजमा हुर्कि रहनु भएका रोजिताका लागि रंगकर्मीको रूपमा स्थापित हुन सहज थिएन। तर पनि संकीर्ण मानसिकता राख्ने घर र समाजले रोजिताको उडान रोक्न सकेन। एकातिर आमा तुल्य दिदीहरूको साथ सहयोग र समर्थन थियो त अर्को तिर मनको दुःख, भावना पोख्ने र समाजको आँखा उघ्राने तीव्र इच्छा र अठोट थियो। कुनै बन्धनले उहाँलाई बाँध्न सकेन। कुनै बाधाले रोक्न सकेन। ति दुःखद पल, संघर्षका क्षणहरूलाई सम्झिदै उहाँ भन्नुहुन्छ -'नाटकको तयारी भएको दिन घर फर्किदा राती बाह्र बज्थ्यो, ढोका नखोलि दिएर कति पटक त बाहिर पेटी मै रात बिताएको छु। तर मैले दिदीको साथ पाएकोले कहिल्यै हरेस् खाईन।'

## झमकको जीवन जिउँदा

बहुप्रतिभाकी धनी रोजिताको परिचय पनि व्यापक छ। खगोलशास्त्रको विद्यार्थी, संचारकर्मी, थियटरकर्मी, सगरमाथा आरोही र फिल्म अभिनेत्री। शारीरिक अशक्ततालाई जित्न सफल झमक घिमिरेको जीवनमा आधारित फिल्म 'जीवन फूल कि काँडा'मा रोजितालाई भलमकको भूमिकामा देख्न पाइन्छ। फिल्ममा झमकको जीवन बाँच्ने चुनौतीलाई उहाँले सफलतापूर्वक पार गर्नुभएको छ। कठिन जीवनलाई सहजै अभिनयमा उतार्नु भएको छ।

सबै भूमिकामा सफल भएका कारण नै उहाँको सफल बहुव्यक्तित्व निमार्ण भएको हो। उहाँका दिदीहरू धेरै ठाउँमा हात नहाल भन्नुहन्छ। तर उहाँ भन्नुहुन्छ-'एउटा ठूलो रुख बन्न जरा धेरैतिर फैलाउन जरुरी छ।'

## अन्त्यमा

अभावले मेहनती र मेहनतले स्वाभिमानी बनाउँछ भन्ने विश्वास राख्नुहुने रोजिता आत्मविश्वास जीवन यात्राको एकमात्र सहयात्री हो भन्नु हुन्छ। दुःखको आगोमा पोलिएको, साहस र आत्मविश्वासको भकारीले भरिएको र उच्च लक्ष्य सहित लम्की रहेको रोजिताको जीवनकथा वास्तव मै करुणामयी र प्रेरणादायी छ। कालो बादलभित्र चाँदीको घेरा जस्तै। ■